नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७७।१२।०५**

## प्रेस विज्ञप्ती

१. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने भरतपुर महानगरपालिका वडा नं. २ स्थित सन्तोषी/लोहनी जे.भी. (स्थायी लेखा नं. ६०३६४४०३८) र सन्तोषी निर्माण सेवा प्रा.लि. (स्था.ले.नं. ३०००११३१७)का सञ्चालक/प्रबन्ध निर्देशक एवं उल्लिखित सन्तोषी/लोहनी जे.भी.का लिड पार्टनर/मुख्य कारोबारी केशबराज कडेल समेत ३ जनाबाट रु. रु.१,८९,२७,११२।०० (अक्षेरुपि एक करोड उनान्नब्बे लाख सत्ताईस हजार एकसय बाह्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-१२-०३ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**सन्तोषी/लोहनी जे.भी. (स्थायी लेखा नं. ६०३६४४०३८) र सन्तोषी निर्माण सेवा प्रा.लि. (स्था.ले.नं. ३०००११३१७)** ले आर्थिक प्रलोभन देखाई सर्वसाधारण व्यक्तिहरुको नागरिकता र सहीछाप दुरुपयोग गरी त्यस्ता व्यक्तिहरुको नाममा राजस्व चुहावट गर्ने उदेश्यले फर्महरु खडा गरी वस्तु तथा सेवा खरिद नै नगरी झुट्टा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी मु.अ.कर तर्फ रु. ६७,९५,६५६।- र आयकर तर्फ रु. १,२१,३१,४५७।- राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम समेत गरी **मु.अ.कर तर्फ ६७,९५,६५६।- र आयकर तर्फ रु. १,२१,३१,४५७।- समेत कूल जम्मा विगो रु.१,८९,२७,११२।०० (अक्षेरुपि एक करोड उनान्नब्बे लाख सत्ताईस हजार एकसय बाह्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **सन्तोषी/लोहनी जे.भी. (स्थायी लेखा नं. ६०३६४४०३८) र सन्तोषी निर्माण सेवा प्रा.लि. (स्था.ले.नं. ३०००११३१७) का सञ्चालक/प्रबन्ध निर्देशक एवं उल्लिखित सन्तोषी/लोहनी जे.भी.का लिड पार्टनर/मुख्य कारोबारी केशबराज कडेल, सञ्चालक/निर्देशक उज्वलराज कडेल र लक्ष्मीकुमारी कडेल** समेत ३ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु.१,८९,२७,११२।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-१२-०३ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

२. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने भरतपुर महानगरपालिका वडा नं. २ स्थित सन्तोषी/रौताहा जे.भी. (स्थायी लेखा नं. ६०३२८६३५९) र सन्तोषी निर्माण सेवा प्रा.लि. (स्था.ले.नं. ३०००११३१७) का सञ्चालक/प्रबन्ध निर्देशक एवं उल्लिखित सन्तोषी/रौताहा जे.भी.का लिड पार्टनर/मुख्य कारोबारी केशबराज कडेल समेत ३ जनाबाट रु. ९२,७७,४९०।- (अक्षरेपी वयानब्बे लाख सतहत्तर हजार चारसय नब्बे) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-१२-०३ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**सन्तोषी/रौताहा जे.भी. (स्थायी लेखा नं. ६०३२८६३५९) र सन्तोषी निर्माण सेवा प्रा.लि. (स्था.ले.नं. ३०००११३१७)** ले आर्थिक प्रलोभन देखाई सर्वसाधारण व्यक्तिहरुको नागरिकता र सहीछाप दुरुपयोग गरी त्यस्ता व्यक्तिहरुको नाममा राजस्व चुहावट गर्ने उदेश्यले फर्महरु खडा गरी वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी मु.अ.कर तर्फ रु. ३३,३१,०२२।- र आयकर तर्फ रु. ५९,४६,४६८।- राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम समेत गरी **मु.अ.कर तर्फ** ३३,३१,०२२।- र आयकर तर्फ रु. ५९,४६,४६८।- समेत **कूल जम्मा विगो रु. ९२,७७,४९०।- (अक्षरेपी वयानब्बे लाख सतहत्तर हजार चारसय नब्बे)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **सन्तोषी/रौताहा जे.भी. (स्थायी लेखा नं. ६०३२८६३५९) र सन्तोषी निर्माण सेवा प्रा.लि. (स्था.ले.नं. ३०००११३१७) का सञ्चालक/प्रबन्ध निर्देशक एवं उल्लिखित सन्तोषी/रौताहा जे.भी.का लिड पार्टनर/मुख्य कारोबारी केशबराज कडेल, सञ्चालक/निर्देशक उज्वलराज कडेल र लक्ष्मीकुमारी कडेल** समेत ३ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. ९२,७७,४९०।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-१२-०३ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**